मकवानपुरका किसानको नजर 'हरियो सुन' मा

■ प्रमोद सहनी

मकवानपुर । पुस्तौंदेखि मकै र कोदो खेती गर्दै आएका मकवानपुरका पहाडी क्षेत्रका किसान पछिल्लो समय फलफूल खेतीतर्फ आकर्षित हुन थालेका छन् । परम्परागत अन्नबालीबाट परिवारको आवश्यकता धान्न कठिन हुँदै गएपछि उनीहरूले बाँझिँदै गएको पाखोबारीमा एभोकाडो का बिरुवा रोप्न थालेका छन् । उच्च मूल्यमा बिक्री हुने सम्भावनाका कारण एभोकाडो (घ्यूफल) लाई किसानले भविष्यको 'हरियो सुन' का रूपमा लिन थालेका छन् ।

थाहा नगरपालिकाको दामन, पालुङ, बज्रबाराही र चित्लाङदेखि इन्द्रसरोवर, भीमफेदी, मकवानपुरगढी र कैलाश गाउँपालिकासम्म एभोकाडो खेतीप्रति आकर्षण बढेको छ । परम्परागत खेतीबाट सीमित आम्दानी हुने र कृषि श्रमसमेत अभाव हुँदै गएपछि किसानले वैकल्पिक बालीका रूपमा एभोकाडो रोज्न थालेका हुन् । राष्ट्रिय तथ्यांक कार्यालयको राष्ट्रिय कृषि गणना २०७८ अन्तर्गतको जिल्लास्तरीय प्रतिवेदनअनुसार मकवानपुरमा एभोकाडो खेती गने कृषक घरधुरी ३२९ छन् । जिल्लामा एभोकाडोको सघन खेती गरिएको क्षेत्रफल ६.२ हेक्टर छ ।

प्रतिवेदनअनुसार जिल्लामा उत्पादनशील एभोकाडो बगैँचा भएका घरधुरी ३४ छन् । ती बगैँचाले १.५ हेक्टर क्षेत्रफल ओगटेका छन् भने उत्पादनशील उमेरका बोटको संख्या ६९५ छ । त्यस्तै, उत्पादन दिन नसक्ने उमेरका बगैँचा भएका घरधुरी ५१ छन् । तिनको क्षेत्रफल ४.७ हेक्टर र बोटको संख्या १ हजार ५२५ छ । यी तथ्यांकले जिल्लामा एभोकाडो खेती विस्तारको प्रारम्भिक अवस्था र उत्पादनशील बगैँचाको तुलनात्मक अवस्था देखाउँछन् । धेरै किसानले बिरुवा रोपे पनि तीमध्ये ठुलो हिस्सा अझै फल दिने उमेरमा पुगिसकेको छैन । त्यसैले खेती विस्तारसँगै उत्पादन र बजार व्यवस्थापनको तयारी पनि किसानका लागि उत्तिकै महत्त्वपूर्ण बनेको छ ।

विदेशमा श्रम बेचेर फर्किएपछि आफ्नै जमिनमा कृषि उद्यम सुरु गरेका हेटौंडा उपमहानगरपालिका-१४ का नारायण अधिकारी यसको एउटा उदाहरण हुन् । ६ वर्ष दुबईमा बिताएका अधिकारीले वैदेशिक रोजगारी छाडेर स्वदेश फर्किएपछि बाँझो जमिनलाई व्यावसायिक कृषि फार्ममा रूपान्तरण गरेका छन् ।

दुबईमा रहँदा पनि उनको चासो आफ्नै गाउँको जमिन र कृषिमा थियो । मोबाइलमार्फत कृषि प्रविधिसम्बन्धी भिडियो हेर्ने, फलफूलका जातबारे जानकारी लिने, माटो सुधारका उपाय खोज्ने र थोरै जमिनबाट बढी आम्दानी लिन सकिने खेतीबारे अध्ययन गर्ने उनको नियमित अभ्यास थियो । विदेशमा कमाएको पैसाले मात्रै भविष्य सुरक्षित नहुने र गाउँको जमिन बाँझो राख्नुको औचित्य नरहेको ठानेपछि उनी स्वदेश फर्किएर कृषि उद्यममा लागेका हुन् ।

नेपाल फर्किएपछि उनले डेढ बिघा जमिनमा कृषि उद्यम सुरु गरे । करिब २० लाख रुपैयाँ लगानी गरेर एकीकृत कृषि तथा पशुपक्षी फार्म दर्ता गरेका अधिकारीले करिब १५ कट्ठामा ड्रागन फ्रुट, मेवा, एभोकाडो, कागती, लिची र कटहर खेती गरेका छन् । बाँकी जमिनमा खाद्यान्न तथा तरकारी उत्पादन गर्दै आएका छन् ।

> बाँझिँदै गएको पहाडी जमिनमा उच्च मूल्यका फलफूल खेती विस्तार, विदेशबाट फर्किएर कृषि उद्यममा जुट्दै युवा; उत्पादनको समय लामो हुँदा बजार, प्राविधिक सेवा र सरकारी सहयोग मुख्य चुनौती

खेती सुरु गर्नुअघि उनले माटो परीक्षण गराए । परीक्षणमा माटो मा अम्लीयपना बढी देखिएपछि कृषि प्राविधिकको सल्लाहअनुसार कृषि चुन प्रयोग गरेर माटो सुधार गरे । रासायनिक मलमा निर्भरता घटाउने उद्देश्यले पशुपालनसमेत सुरु गरेका उनले फार्ममै प्रांगारिक मल उत्पादन गर्ने योजना बनाएका छन् ।

उनको पहिलो व्यावसायिक प्रयास ड्रागन फ्रुट खेती थियो । मले सियन रेड सियाम जातका ३०० बिरुवा रोपेर सुरु गरिएको खेतीले दोस्रो वर्षदेखि उत्पादन दिन थालेको अधिकारी बताउँछन् । पहिलो वर्ष करिब डेढ क्विन्टल फल उत्पादन भएको र प्रतिकिलो ३०० देखि ४०० रुपैयाँसम्ममा बिक्री भएको उनले बताए । उत्पादन र बजारको सम्भावना देखेपछि थप २६० बिरुवा रोप्ने तयारी गरेका छन् । त्यस्तै, परीक्षणका रूपमा लगाएका मलेसियन रेड लेडी जातका २५ वटा मेवाका बोटबाट राम्रो उत्पादन भएपछि ५ कट्ठामा खेती विस्तार गर्ने योजना बनाएका छन् । एभोकाडो, कागती र लिचीलाई पनि उनले दीर्घकालीन आम्दानीका स्रोतका रूपमा विकास गरिरहेका छन् ।

खेतीसँगै पशुपालनलाई जोडेर उनले आम्दानीका अन्य स्रोतसमेत विकास गरेका छन् । अहिले फार्ममा ३ वटा दुहुना गाई छन् । दुध बिक्रीबाट मासिक करिब ४० हजार रुपैयाँ आम्दानी हुने गरेको उनी बताउँछन् । मौसमी तरकारी बिक्रीबाट वार्षिक ३० हजार रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको छ । गाईको गोबर र गहुँतबाट प्रांगारिक मल उत्पादन गरी रासायनिक विषादीको प्रयोग घटाउने उनको योजना छ ।

'सबै खर्च कटाएर मासिक ६० हजार रुपैयाँभन्दा बढी बचत हुन्छ,' अधिकारीले भने, 'विदेशमा पसिना बगाउनुभन्दा आफ्नै माटोमा मिहिनेत गरेर राम्रो आम्दानी गर्न सकिने रहेछ । त्यसैले अब विदेश जाने सोच त्यागेर स्वदेशमै कृषि पेसालाई निरन्तरता दिँदै यसैबाट भविष्य निर्माण गर्ने अठोट गरेको छु ।'चित्लाङकी सविता थापा पनि एभोकाडो खेतीबाट भविष्य खोजिरहेकी किसान हुन् । उनले करिब १ बिघा जमिनमा एभोकाडो खेती विस्तार गरेकी छन् । उनका लागि यो खेती तत्काल आम्दानी दिने माध्यमभन्दा दीर्घकालीन लगानी हो । एभोकाडोको बिरुवा रोपेपछि फल दिने अवस्थामा पुग्न समय लाग्ने भएकाले किसानले लामो समयसम्म बगैँचाको स्याहार गर्नुपर्छ । मलजल, सिँचाइ, गोडमेल तथा रोगकीरा नियन्त्रणमा नियमित ध्यान दिनुपर्छ । उत्पादन सुरु नहुँदासम्म आम्दानीको सुनिश्चितता नहुने भएकाले लगानी जुटाउनु र खेतीलाई निरन्तरता दिनु किसानका लागि चुनौतीपूर्ण छ ।

थापा पनि एभोकाडो खेती विस्तार गर्दा लगानी र स्याहारमा चुनौती रहेको बताउँछिन् । एभोकाडो खेतीमा तत्काल आम्दानी हुँदैन । बिरुवा रोपेदेखि फल दिने अवस्थासम्म पुऱ्याउन धेरै मिहिनेत, समय र धैर्य चाहिन्छ,' उनले भनिन्, 'तर आफ्नै जमिनमा मिहिनेत गरेर भविष्य बनाउन सकिन्छ भन्ने विश्वासले निरन्तर लागिरहेकी छु । सरकारले प्राविधिक सहयोग, गुणस्तरीय बिरुवा र उत्पादनको उचित बजार व्यवस्था गरिदिए कृषि पेसाबाटै राम्रो आम्दानी गर्न सकिन्छ भन्ने आशा छ ।'

मकवानपुरका पहाडी क्षेत्रमा मकै, कोदो र मौसमी तरकारी खेतीको विकल्प खोजिरहेका किसानका लागि एभोकाडो आकर्षक बालीका रूपमा देखिन थालेको छ । तर यसको व्यावसायिक विस्तारसँगै गुणस्तरीय बिरुवाको उपलब्धता, खेती प्रविधिबारे जानकारी, रोगकीरा नियन्त्रण र उत्पादनको बजार सुनिश्चितता आवश्यक देखिएको छ ।

विशेषगरी उत्पादनशील उमेरमा नपुगेका बगैँचामा लगानी गरेका किसानले फल उत्पादन हुनुअघि नै धेरै वर्षसम्म स्याहार गर्नुपर्ने हुन्छ । उत्पादन सुरु भएपछि पनि संकलन, भण्डारण, ढुवानी र बिक्रीको भर पर्दो व्यवस्था नहुँदा उचित मूल्य पाउने सुनिश्चितता छैन ।

अहिले मकवानपुरका किसानले परम्परागत खाद्यान्न खेतीसँगै एभोकाडोजस्ता उच्च मूल्यका फलफूलमा लगानी बढाउन थालेका छन् । विदेशबाट फर्किएका युवासमेत कृषि उद्यममा जोडिन थालेका छन् । तर किसानको व्यक्तिगत लगानी र प्रयाससँगै सरकारी निकायबाट प्राविधिक सेवा, गुणस्तरीय बिरुवा वितरण, खेती विस्तारमा सहुलियत र बजार व्यवस्थापनमा सहयोग आवश्यक छ । एभोकाडो खेतीले पहाडी जमिनको उपयोग र किसानको आम्दानी बढाउने सम्भावना देखाए पनि त्यसलाई व्यावसायिक रूपमा टिकाउन उत्पादनदेखि बजारीकरणसम्मको व्यवस्थित शृंखला निर्माण गर्नु चुनौतीका रूपमा रहेको छ ।

नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०८/०३

यस कम्पनीको सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **विनर ग्रुप कन्स्ट्रक्सन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/०८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **जोखाङ ग्रुप कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०८/०३

यस कम्पनीको २०८२/०८/२४ मा सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **कोजि कम्फर्ट म्याट्रेस उद्योग प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/२५ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **काठमाडौं सस्तो सोफा बजार प्रा.लि.** (३५७६७७) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विगो नं. ७५-०८३-१४५

बर्दिया जिल्ला अदालतबाट जारी भएको कान्छा तामाङ छोरा जिल्ला काभ्रेपलान्चोक नमोबुद्ध नगरपालिका वडा नं. ११ कुरुगाउँ घर भै हाल काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं.३२ कोटेश्वर शान्ती मार्ग घर नं. ८५ को दोस्रो तलामा बस्ने बर्ष ३६ का कुमार तामाङगका नाउँको १५ दिने सूचना म्याद .....।

उप्रान्त वादी जिल्ला बर्दिया मधुवन नगरपालिका वडा नं. १ कैलासी बस्ने बर्ष ४९ का शशीराम विश्वकर्मा प्रतिवादी तपाई भएको चेक अनादर मुद्दामा बर्दिया जिल्ला अदालतबाट मिति २०८२/०७/२७ मा वादीले प्रतिवादी बाट चेकमा उल्लेखित रु.२,००,०००।- (दुई लाख रुपैयाँ) र सोको कानुन बमोजिम व्याज भराई पाउँने ठहरी फैसला भएकोले तपाई प्रतिवादीले वादीलाई नगदै नबुझाएकोले भरी भराउका लागि तपाईका नाउँमा कुनै स्वतन्त्र जेथा नभएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम तपाईलाई कैदमा राखि पाउँ भनि वादीले यस अदालतमा दरखास्त निवेदन दिएकोले तपाईका नाउँमा यो म्याद जारी गरी पठाईएको छ। तपाईले यो म्याद बुझि पाए वा रित पूर्वक तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र उक्त साँवा, ब्याज र अदालती शुल्क बुझाउन यस अदालतमा आउनुहोला। अन्यथा कानून बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन ।

इति सम्वत् २०८३ साल कार्त्तिक महिना २७ गते रोज ६ शुभम् ।

अनुसुची-२०

(मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित)

बर्दिया जिल्ला अदालत

लिलाम बढाबढको सूचना (पहिलो पटक)

विगो नं.३/७८

वादी जिल्ला बाँके नेपालगंज उ.म.न.पा. वडा नं.१ बस्ने रामनिवास कुर्मी समेत प्रतिवादी जिल्ला बाँके नेपालगंज उ.म.न.पा. वड नं.२० मनकामना ग्याँस उद्योग नजिक पश्चिम उत्तरतर्फ मनिकापुर चोक बस्ने झसप सिंह सुनारको छोरा तिलक बहादुर सुनान भएको लेनदेन मुद्दामा बर्दिया जिल्ला अदालतबाट मिति २०८०।१२।०१ मा भएका फैसला बमोजिम प्रतिवादीबाट भराई पाउने ठहरेको साँवा रु.४,००,०००।- (चार लाख रुपैयाँ), सोको लिखत मिति २०७६।१०।०५ देखि लिलाम हुने दिनसम्मको व्याज रु.२,७५,११२।- अदालती शुल्क रु.१२,१६२।- र नपुगा अदालती शुल्क रु.१९६४.६८। समेत जम्मा बिगो रु.६,८९,२३९/- (छ लाख उनान्ब्बे हजार दुई सय उनान्चालिस रुपैयाँ) प्रतिवादीले वादीलाई नगदै नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला बमोजिम प्रतिवादीबाट भरि पाउने बिगो भरी भराउका लागि दरखास्तमा खुलाई ल्याएको तपसिलमा उल्लेखित जेथा जग्गा मिति २०८३।०८।२१ गते यस अदालतमा लिलाम बढाबढ हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

१. यस अदालतको तहसिल शाखामा मिति २०८३/०८/२१ गते दिनको ३:०० बजे देखि डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ ।
३. कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ । बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डोक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ ।
६. डाँक लित्तामा सम्बन्धमा बुझुनुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राखु होला ।
७. **डाँक लिलाम हने सम्पत्तिको विवरण**

सि. नं.	जग्गाधनीको नामथर	जिल्ला	गा.वि.स.	वडा नं.	कि. नं.	क्षेत्रफल	डाँक बोल्नुपर्ने न्यूनतम अंक
१.	तिलक बहादुर सुनार	बर्दिया	सानोश्री	१ङ	४५३	०-२-० ज.वि.पुर जग्गा र सोमा बनेको कच्ची घर समेत	विगो रु.६,८९,२३९/- (छ लाख उनानब्बे हजार दुई सय उन्चालिस रुपैयाँ। भएता पनि पच्चेकृते मूल्याङकन रु.६,४०,०००/- (छ लाख चालिस हजार रुपैयाँ) बाट डाँक बोल्नु पर्ने।

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

कुखुरा विकास फार्म

खजुरा, बाँके

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितीः २०८३/०८/०३

यस फार्मको Procurement, Supply and Delivery of Poultry Feed ingredients (PDF/NCB/GOODS/2083-084/01) सम्बन्धि ठेक्कामा प्राप्त बोलपत्रहरु मध्ये तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र छनौट हुने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

क्र.सं.	विवरण	छनौट भयको बोलपत्र	कबोल रकम
१.	Procurement, Supply and Delivery of Poultry Feed ingredients	सुर्यउदय कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि., जानकी-२ बाँके ।	१,०७,११,०००.००

फार्म प्रवन्धक

परिवर्तन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

क्याटलग सपिङ्ग विधिद्वारा एम्बुलेन्स (ख बर्ग) खरिद सम्बन्धि आह्वान गरेको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०३

प्रस्तुत विषयमा यस परिवर्तन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत कार्यक्रम अनुसार देहायको एम्बुलेन्स सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क)(८) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरू विच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट एम्बुलेन्स (ख वर्ग) खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त सवारी साधनको उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरूले आफ्नो फर्म दर्ता, मु.अ.कर दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र को प्रमाणित प्रतीलिपि, आ.ब. २०८३/०८४ सम्मको लागि फारम नविकरण भएको प्रमाण पत्र को प्रमाणित प्रतीलिपि, स्थाई लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतीलिपि, उत्पादक कम्पनी वा सोको आधिकारीक विक्रेताको आधिकारिक स्पेसिफिकेशन, मुल्य, गुणस्तर सहितको विवरण (क्याटलग/ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७(सात) औँ दिन १२.०० बजे सम्म यस परिवर्तन गाउँपालिका को कार्यालयमा निवेदन दर्ता गराउन यो सूचना आह्वान गरिएको छ ।

दर्ता गरिएको सिलबन्दी प्रस्ताबहरू सोही दिन दिनको २.०० बजे खोलिने छ । सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

आवश्यक मेसिनरी औजारको विवरण

क्र.सं.	मेसिनरी औजार	संक्षिप्त विवरण	संख्या	कैफियत
१	Procurement of B-Type Four Wheeler Ambulance	Four Wheeler Ambulance 4WD HRD	1 (One)	

नोटः यस सम्बन्धि विस्तृत प्राविधिक स्पेसिफिकेशन को लागी यस परिवर्तन गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन वा गाउँपालिकाको वेबसाईट www.paribartanrmun.gov.np मा समेत उपलब्ध हुने व्यहोरा जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

गरिमा विकास बैंक लिमिटेड

Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालयः काठमाण्डौ-३, बालुवाटार

फोन : ०१-४५४५४२४/२५/२६

वेभसाइटः www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८३/०८/०३)

यस गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	धनगढी शाखा, कैलाली	भूमि प्रशासन कार्यालय बेलौरी, कञ्चनपुरमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला कालिका गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ९४३ र ६०७ को क्षेत्रफल क्रमशः १३५४.५२ र ६७७.२६ (व.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।	घर/जग्गा
२	विर्तामोड शाखा, झापा	भूमि प्रशासन कार्यालय भद्रपुर, झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स.-६ स्थित कित्ता नं. १०८४ र १०८७ को क्षेत्रफल क्रमशः ५५.०० र ११४.६५ (व.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।	घर/जग्गा
३	जितपुर शाखा, कपिलवस्तु	भूमि प्रशासन कार्यालय बाणगङ्गा, बोडगाँउ, कपिलवस्तुमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला गजेहडा गा.वि.स.-२/क स्थित कित्ता नं. १३३८ को क्षेत्रफल ११०.०६ (व.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	जग्गा
४	मलंगवा शाखा, सर्लाही	भूमि प्रशासन कार्यालय मलंगवा, सर्लाहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला पर्सा पछवारी गा.वि.स.-७ स्थित कित्ता नं. ८३८ को क्षेत्रफल ३५५.५६ (व.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	जग्गा
५	मलंगवा शाखा, सर्लाही	भूमि प्रशासन कार्यालय मलंगवा, सर्लाहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला बेला गा.वि.स.-७/क स्थित कित्ता नं. ३७९ को क्षेत्रफल २६७५.२५ (व.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	जग्गा
६	दलदले शाखा, नवलपरासी	भूमि प्रशासन कार्यालय भरतपुर, चितवनमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. २/क स्थित कित्ता नं. १०१३ को क्षेत्रफल ६७७.२६ (व.मि.) को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा
७	दलदले शाखा, नवलपरासी	भूमि प्रशासन कार्यालय कावासोती, नवलपरासी(ब.सु.पू.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला सिसवार गा.वि.स. वडा नं. ४/ग स्थित कित्ता नं. ४०४ को क्षेत्रफल १३५.४३ (व.मि.) को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा
८	मलंगवा शाखा, सर्लाही	भूमि प्रशासन कार्यालय मलंगवा, सर्लाहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला कौडेना गा.वि.स.-२/क स्थित कित्ता नं. ८६६ को क्षेत्रफल २३७.०५ (व.मि.) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (मितिः २०८३/०९/०८) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०९/१३ गते सोमबार दिनको ४:०० बजे विकास बैंकको केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।